20 September 2024

यो आकाशवाणी हो

समाचार पारसमणि दंगालबाट सुन्नुहोस्

सबैभन्दा पहिला आजका मुख्य समाचार

- प्रधानमन्त्री विश्वकर्मा योजनाको लाभ उठाएर उद्यमी र व्यवसायी बन्न शिल्पकारहरूलाई प्रधानमन्त्रीको अपील
- सरकारले मार्च 2026 अघि देशबाट नक्सलवादलाई पूर्ण रूपमा नष्ट गर्ने निर्णय गरेको गृहमन्त्रीको भनाई
- तिरुपति लड्डु प्रकरणमा केन्द्रले राज्यसित माग्यो रिपोर्ट
- किसानहरूको आम्दानी बढाउन उद्योगमा आधारित कृषिलाई प्रोत्साहित गर्न राष्ट्रपतिको आग्रह, अनि
- क्रिकेटमा भारतीय बोलरहरूले बङ्ग्लादेशको पहिलो पारी पारे ध्वस्त

अब समाचार विस्तारमा

प्रधानमन्त्री - वर्धा

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज शिल्पकारहरूलाई प्रधानमन्त्री विश्वकर्मा योजनाको लाभ उठाएर उद्यमी र व्यवसायी बन्न अपील गर्नुभएको छ। श्री मोदी महाराष्ट्रको वर्धाको स्वावलम्बी मैदानमा प्रधानमन्त्री विश्वकर्मा योजनाको वार्षिकोत्सवको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो।

योजनाको लाभबारे बताउँदै प्रधानमन्त्रीले परम्परागत व्यवसायको उत्पादन बढाउन साढे 6 लाखभन्दा धेरै लाभार्थीहरूलाई आधुनिक उपकरण उपलब्ध गराइएको बताउनुभयो । उहाँले भन्नुभयो, 'योजना अन्तर्गत तीन लाख रुपियाँसम्म ऋण बिना ग्यारेन्टी दिइनेछ । विगत एक वर्षमा लाभार्थीहरूलाई १ हजार ४०० करोड रुपियाँ ऋण वितरण गरिएको छ। उहाँले यस योजनाका अधिकांश लाभार्थी अनुसूचित जाति र अनुसूचित जनजाति समुहबाट रहेको बताउनु भयो।

प्रधानमन्त्रीले महाराष्ट्र सरकारका दुई योजनाको पनि शुभारम्भ गर्नुभयो। पहिलो योजना युवाहरूको कौशल विकास तालिमका लागि आचार्य चाणक्य कौशल विकास केन्द्र र दोस्रो योजना महिला स्टार्टअपहरूलाई आत्मनिर्भर बनाउन पुण्यश्लोक अहिल्यादेवी होल्कर महिला स्टार्टअप योजना रहेको छ। कार्यक्रममा श्री मोदीले प्रधानमन्त्री मित्रवस्त्र पार्कको शिलान्यास पनि गर्नुभयो ।

इन्डिया पोस्टले प्रधानमन्त्री विश्वकर्मा योजनाको वार्षिकोत्सवको अवसरमा एक स्मारक हुलाक टिकट पनि जारी गरेको छ। श्री मोदीले योजना अन्तर्गत एक लाख भन्दा बढी लाभार्थीहरूलाई डिजिटल परिचय पत्र र डिजिटल कौशल प्रमाणपत्रहरू पनि जारी गर्नुभयो। यसका साथै प्रधानमन्त्रीले ७५ हजार लाभार्थीलाई डिजिटल ऋण स्वीकृति पत्र पनि जारी गर्नुभयो ।

शाह–नक्सल

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले सरकारले मार्च 2026 अघि देशबाट नक्सलवादको विचारधारा र नक्सलवादलाई पूर्ण रूपमा नष्ट गर्ने निर्णय गरेको बताउनु भएको छ। श्री शाहले आज नयाँ दिल्लीस्थित आफ्नो निवासमा छत्तीसगढमा नक्सलवादी हिंसाका ५५ जना पीडितहरूसँग अन्तरक्रिया गर्दै यस्तो जानकारी दिनुभएको हो।

उहाँले भन्नुभयो, बस्तरका चार जिल्ला बाहेक देशभरि नक्सलवाद अन्त्य गर्न केन्द्र सफल भएको छ । श्री शाहले नक्सल समूहहरूलाई हतियार र हिंसा त्याग्न र आत्मसमर्पण गर्न पनि आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, यदि नक्सलवादीहरूले हिंसा त्याग्न सरकारको अनुरोधलाई ध्यान दिएनन् भने सरकारले छिट्टै उनीहरूविरुद्ध कारबाही गर्नेछ।

सरकारी लड्डू

तिरुपतिको लड्डूमा मिसावट भएको आरोपमा केन्द्रले आन्ध्र प्रदेश सरकारसँग रिपोर्ट मागेको छ। स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा भन्नुभयो, उहाँले आन्ध्र प्रदेशका मुख्यमन्त्री श्री एन चन्द्रबाबु नायडूसँग यस विषयमा कुरा गर्नुभएको छ अनि रिपोर्ट माग्नुभएको छ। उहाँले यस विषयमा सरकारले छानबिन गरी आवश्यक कारबाही गर्ने बताउनु भयो।

केन्द्रीय खाद्यमन्त्री श्री प्रह्लाद जोशीले तिरुपति मन्दिरको लड्डूमा जनावरको बोसो हुनु गम्भीर विषय भएको बताउनु भयो। यो मुद्दा आन्ध्र प्रदेशका मुख्यमन्त्रीले उठाउनु भएको थियो। श्री जोशीले घटनाको विस्तृत अनुसन्धान गरी दोषीमाथि कारबाही हुनुपर्ने बताउनु भयो।

खाद्य प्रशोधन उद्योग मन्त्री श्री चिराग पासवानले खाद्य वस्तुमा मिसावट गर्ने जोसुकैलाई पनि नछोडिने बताउनु भएको छ।

राष्ट्रिय दुग्ध विकास बोर्डको प्रयोगशालाले तिरुपतिस्थित श्री भेन्कटेश्वर स्वामी मन्दिरमा प्रसादका रूपमा चढाइने लड्डू बनाउन प्रयोग गरिने घ्यूमा जनावरको बोसो रहेको पुष्टि गरेको छ।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

राष्ट्रपति-राँची

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले किसानहरूको आम्दानी बढाउन उद्योगमा आधारित कृषिलाई प्रोत्साहित गर्न आग्रह गर्नुभएको छ। आज राँचीको नामकुममा भारतीय कृषि अनुसन्धान परिषद - **ICAR** र राष्ट्रीय कृषि उच्चतर प्रसंस्करण संस्थान - **NISA** को शताब्दी समारोहलाई सम्बोधन गर्दै राष्ट्रपतिले यस्तो आग्रह गर्नुभएको हो। यस अवसरमा उहाँले आइसीएआर र निसाले देशमा लाख किट उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको बताउनु भयो।

यी संस्थानले कुशलतापूर्वक कृषि अनुसन्धान र विकास कार्य मात्र सञ्चालन गरेका छैनन्, त्यस्ता अनुसन्धानलाई तल्लो तहसम्म पुऱ्याउने काम गरेको राष्ट्रपतिले बताउनुभयो।

राष्ट्रपति श्रीमती मुर्मुले  कृषिबारे किसानहरूलाई सचेत गराउन वैज्ञानिकहरूलाई सल्लाह दिनुभयो। उहाँले यस विषयमा आईसीएआरले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने बताउनु भयो। राष्ट्रपतिले कृषकलाई प्रशोधन इकाइको तालिम दिएपछि किसानको आम्दानीमा बृद्धि हुने बताउनु भयो।

नड्डा - खाद्य शिखर सम्मेलन

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले खाद्य सुरक्षा प्रणाली सुधार गर्न निरन्तर सहयोग, नवाचार र प्रतिबद्धताका लागि आह्वान गर्नुभएको छ। आज नयाँ दिल्लीमा वैश्विक खाद्य नियामक शिखर सम्मेलनको उद्घाटन गर्दै, श्री नड्डाले भन्नुभयो, भूमण्डलीकरण, प्राविधिक विकास र बढ्दो उपभोक्ता प्राथमिकताहरूले खाद्य प्रणालीलाई नयाँ आकार दिइरहेका छन्। उहाँले स्वास्थ्य मन्त्रालय अनि भारतीय खाद्य सुरक्षा र मानक प्राधिकरणले मिलेर बढ्दो खाद्य उत्पादन, उपभोग प्रवृत्ति र वैश्विक  व्यापार अनुरूप खाद्य मापदण्डहरू तयार गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ भन्नुभयो।

स्वास्थ्यमन्त्रीले खाद्यान्नमा विषादीको अवशेषले मानव स्वास्थ्यमा खतरा हुने बताउनु भयो। उहाँले जैविक खेती र वैकल्पिक कीट नियन्त्रण विधिलाई प्रोत्साहित गर्न भारतले पहल गरिरहेको छ भन्दै विश्वस्तरमा पनि यस्ता प्रयास आवश्यक रहेको बताउनु भयो।

पश्चिम बंगाल बाढी

पश्चिम बंगाल र झारखण्ड बीचको अन्तरराज्यीय सीमा तीन दिनका लागि बन्द गरिएको छ। दामोदर भ्याली कर्पोरेशन-डीभीसीले बाँध र ब्यारेजबाट पानी छोडेपछि पश्चिम बंगालकी मुख्यमन्त्री सुश्री ममता बनर्जीले झारखण्डसँगको बंगालको सिमाना सिल गर्ने आदेश दिनुभएको हो।

यसैबीच, सुश्री बनर्जीले आज प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई दक्षिणी पश्चिम बंगालको बाढीको अवस्था र दामोदर भ्याली कर्पोरेशनबाट पानी छोडिने विषय बारे जानकारी दिँदै पत्र लेख्नुभएको छ।

अर्कोतिर, दामोदर भ्याली निगमले आज आफ्नो माइथोन र पञ्चेत बाँध अनि अन्य ब्यारेजबाट पानी छोड्ने क्रम घटाएको छ। हावडा, हुगली, पूर्व र पश्चिम मिदनापुर अनि दक्षिणी पश्चिम बंगालका अन्य जिल्लाहरूमा बाढीको गम्भीर अवस्था छ।

राज्य सरकार राहत र उद्धार कार्यमा संलग्न छ। एनडीआरएफ टोलीहरू पनि घटनास्थलमा छन्। बाढीले बाली र सागसब्जीमा व्यापक क्षति पुगेको छ। सरकारी तथा निजी सम्पत्ति पनि प्रभावित भएका छन्।

ब्याडमिन्टन

चाइना ओपन ब्याडमिन्टन प्रतियोगितामा भारतकी मालविका बन्सोडको उत्कृष्ट अभियान आज महिला सिंगल्सको क्वाटरफाइनलमा पराजित भएपछि समाप्त भएको छ। उनी विश्व नम्बर दुई खेलाडी जापानकी अकाने यामागुचीसँग पराजित भइन्। बन्सोड सुपर थाउजन्ड प्रतियोगिताको क्वार्टरफाइनल पुग्ने तेस्रो भारतीय खेलाडी हुन्, यसअघि पीभी सिन्धु र साइना नेहवाल यस राउण्डमा पुगेका थिए।

क्रिकेट

चेन्नईको एमए चिदम्बरम स्टेडियममा जारी भारत र बंगलादेशबीचको पहिलो टेस्ट म्याचको दोस्रो दिनको खेल समाप्त हुँदा भारतले दोस्रो पारीमा तीन विकेट खर्च गरेर 81 रन बनाएर खेलिरहेको थियो। यसभन्दा अघि भारतको पहिलो पारी 376 रनमा समेटिएको थियो।

भारतीय बोलरहरूको उत्कृष्ट प्रदर्शनका कारण बंगलादेशको पहिलो पारी आज नै 149 रनमा समेटियो। म्याचमा भारत 308 रनले अघि रहेको छ।

मुख्य समाचार फेरि एकपल्ट

- प्रधानमन्त्री विश्वकर्मा योजनाको लाभ उठाएर उद्यमी र व्यवसायी बन्न शिल्पकारहरूलाई प्रधानमन्त्रीको अपील
- सरकारले मार्च 2026 अघि देशबाट नक्सलवादलाई पूर्ण रूपमा नष्ट गर्ने निर्णय गरेको गृहमन्त्रीको भनाई
- तिरुपति लड्डु प्रकरणमा केन्द्रले राज्यसित माग्यो रिपोर्ट
- किसानहरूको आम्दानी बढाउन उद्योगमा आधारित कृषिलाई प्रोत्साहित गर्न राष्ट्रपतिको आग्रह, अनि
- क्रिकेटमा भारतीय बोलरहरूले बङ्ग्लादेशको पहिलो पारी पारे ध्वस्त